संसदीय समितिको निर्देशन :

भारतसँगको वार्तामा लिम्पियाधुराको विषय उठाऊ

■ सौर्य समाचार

काठमाडौं । प्रतिनिधि सभाको अन्तर्राष्ट्रिय सम्बन्ध समितिले निकट भविष्यमा हुने नेपाल र भारतबीचको संयुक्त आयोगको मन्त्रीस्तरीय बैठकमा लिम्पियाधुराको नेपाली भूभाग हकभोगको विषय उठाउन सरकारलाई निर्देशन दिएको छ ।शुक्रबार बसेको बैठकले लिम्पियाधुरा, लिपुलेक र कालापानी लगायत नेपाली भूभागमा भइरहेको भारतीय अतिक्रमण रोकी नेपालको हकभोग कायम गर्ने विषयलाई संयुक्त आयोगको बैठकमा उठाउन निर्देशन दिएको हो । बैठकमा सहभागी परराष्ट्रमन्त्री ज्ञवालीले नेपाल र भारतका बीचमा रहेका सीमा विवादलाई केन्द्रमा राखेर मन्त्रीस्तरीय संयुक्त आयोगको बैठक बस्न लागेको जानकारी दिएका थिए । त्यसपछि समितिले उक्त संयुक्त आयोगको बैठकमा ४ वटा विषय उठाउन निर्देशन दिएको छ । समितिले दिएको निर्देशन यस्तो रहेको छ :

क. नेपाल भारतबीच गठित प्रबुद्ध व्यक्ति समूहको प्रतिवेदन भारत सरकारलाई ग्रहण गर्ने वातावरण मिलाउन कुटनीतिक पहल गर्ने ।

ख. लिम्पियाधुरा, लिपुलेक र कालापानीलगायतका नेपाली भूभागमा भइरहेको अतिक्रमण रोकी ती क्षेत्रमा नेपालको हकभोग कायम गर्ने ।

ग. दुई देशका सीमा क्षेत्रमा भारतद्वारा निर्मित बाँधलगायतका भौतिक संरचनाहरुले नेपालमा गर्ने डुबान र कटान अन्त्य गर्न पहल गर्न यसअघि समितिले दिएको निर्देशन कार्यान्वयन गर्ने ।

घ. छिमेकी देशहरुसँग व्यापार घाटा न्युनीकरण गर्नका लागि नेपाल सरकारले कुटनीतिक पहल गर्ने ।

गत वैशाख २९ गते बसेको अन्तर्राष्ट्रिय सम्बन्ध समितिको बैठकले लिम्पियाधुरा क्षेत्रबाट भारतको सुरक्षाकर्मी हटाउन र नेपालको प्रशासनिक उपस्थिति कायम गर्न उच्च तहबाट राजनीतिक, कुटनीतिक र अन्य आवश्यक कार्य गर्न सरकारलाई निर्देशन दिएको थियो । अहिले दुई देशबीच मन्त्रीस्तरको संयुक्त आयोगको बैठक बस्न लागेका बेला फेरि सोही विषयलाई एजेण्डामा राख्न समितिले निर्देशन दिएको हो ।

ईपीजीको प्रतिवेदन

सन् १९५० को नेपाल-भारत शान्ति तथा मैत्री सन्धीसहितका असमान सन्धी सम्झौता पुनरावलोकन तथा दुईपक्षीय विवादित विषयको अध्ययन गरी सुझाव दिन नेपाल र भारतको संयुक्त प्रबुद्ध व्यक्ति समूह (ईपीजी) ले १६ असार २०७५ मा प्रतिवेदन तयार पारेको थियो । उक्त प्रतिवेदन पहिले भारतका प्रधानमन्त्रीलाई बुझाउने र त्यसपछि नेपालको प्रधानमन्त्रीले बुझ्ने भनिएको थियो । तर भारतको प्रधानमन्त्री नरेन्द्र मोदीले बुझ्न आनाकानी गर्दै आएका छन् । यही बेला समितिले उक्त विषय मन्त्रीस्तरीय संयुक्त आयोगको बैठकमा उठाउन पनि निर्देशन दिएको हो ।

भारतीय बाँध

समितिको बैठकले सीमा क्षेत्रमा भारतले निर्माण गरेको बाँध र अरु भौतिक संरचनाहरुले नेपालमा गर्ने डुबान र कटान अन्त्य गर्ने विषयमा पनि मन्त्री स्तरीय संयुक्त आयोगको बैठकमा छलफल गर्न भनेको छ ।

भारतले सीमा नजिक निर्माण गरिरहेको एक हजार ७२३ किलोमिटर सडक, बाँध र तटबन्धका कारण वर्षायाममा डुबान तथा कटानमा परी त्यहाँको जनजीवन प्रभावित बनेको राष्ट्रिय मानव अधिकार आयोगको अध्ययन प्रतिवेदनमा समेत उल्लेख छ । आयोगले २०७२ मा तराईका २८ वटा जिल्लाको सीमा क्षेत्रको अनुगमन गरेको थियो ।

व्यापार घाटा

समितिले नेपाल र भारतमा उत्पादित कृषि उपजको प्रवेश दुवै देशमा बराबर वा भारतीय सरह हुनुपर्ने निचोड निकालेको छ ।

भारतीय वस्तुले नेपालमा प्रवेश पाइरहने तर, नेपालका उत्पादित वस्तुले प्रवेश नपाउने स्थिति रहेको भन्दै समितिले यसतर्फ ध्यान गर्न सरकारलाई भनेको छ । यो विषय नेपालको व्यापारघाटासंग समेत जोडिएको समितिको निष्कर्ष छ ।

'छिमेकी देशरुसंगको व्यापारघाटा न्युनीकरण गर्नका लागि नेपाल सरकारले कुटनीतिक पहल गर्ने' समितिको निर्देशनमा उल्लेख छ ।समितिले तयार पारेको निर्देशनको प्रारम्भिक ड्राफ्टमा भने भारतीय कृषि उपजलाई किटान नै गरिएको थियो । तर पछि संशोधन गरेर व्यापार घाटाको विषय मात्र उल्लेख गरेको हो ।

'उच्च स्तरीय भ्रमणमा सहभागी गराऊ'

अन्तर्राष्ट्रिय सम्बन्ध समितिले परराष्ट्र मन्त्रालयले आयोजना गर्ने उच्चस्तरीय भ्रमण र अन्य कार्यक्रमहरुमा समेत आफ्नै सहभागिता खोजेको छ ।

समिति सदस्यहरुले अन्तर्राष्ट्रिय सम्बन्ध र परराष्ट्रसंग सम्बन्धित विषयका गतिविधिमा आफूहरुको सहभागिता हुनुपर्ने माग गर्दै आएका थिए । उक्त विषयलाई शुक्रबार समितिले निर्णय नै गरेर परराष्ट्र मन्त्रालयमा पठाएको छ ।

समितिले परराष्ट्र मन्त्रलयलाई पठाएको पत्रमा भनिएको छ, ' मन्त्रालयले आयोजना गर्ने द्विपक्षीय वा बहुपक्षीय उच्चस्तरीय भ्रमण र सम्बन्धित विविध कार्यक्रमहरुमा अन्तर्राष्ट्रिय राष्ट्रिय सम्बन्ध समितिको तर्फबाट प्रतिनिधित्व हुने गरी सहभागिता गराउन सुझाव दिने ।'

कर्मचारी र वीर अस्पताल प्रशासनबीच सहमति

■ सौर्य समाचार

काठमाडौं । आन्दोलनको ४६ औं दिनमा वीर अस्पतालका आन्दोलनरत कर्मचारी र अस्पताल प्रशासनका पदाधिकारीबीच सहमति भएको छ । आन्दोलनरत कर्मचारी र प्रतिष्ठानका पदाधिकारीबीच पाँच बुँदे सहमति भएको अस्पतालका निर्देशक डा. केदारप्रसाद सेन्चुरीले बताए । दुवै पक्षबीच सहमति लगतै विरोधका सबै कार्यक्रम स्थगित गरेको नेपाल स्वास्थ्यकर्मी संघ वीर अस्पतालका अध्यक्ष खुवराज आचार्यले बताए । चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान र आदोलनरत कर्मचारीबीच भएको सहमति कार्यान्वयन हुन भने ६ हप्ता लाग्ने निर्देशक डा. सेन्चुरीले बताए ।

यस्तो छ ५ बुँदे सम्झौता

१ मागमा सम्बन्धमा कोभिड भत्ता वितरणमा देखिएका त्रुटि सम्बोधनमा अस्पताल प्रशासन र आन्दोलरत पक्षको प्रतिनिधि समेतको समिति बनाई समानुपातिक वितरणका आधारमा सुधार गरी वितरण गर्ने व्यवस्था गर्ने । कोभिड बीमा क्षतिपूर्तिका सम्बन्धमा सम्बन्धित पक्षसँग छलफल गरी आवश्यक निर्णय गर्ने । कर्मचारीहरूले पाउने आ.व ०७६२०७७ को औषधि खरिद खर्च कार्यकारी परिषद्बाट निर्णय गरी आगामी ७ दिनमा उपलब्ध गराउने । सेवा विस्तार भत्ताका सम्बन्धमा आगामी ६ हप्ताभित्र २ महिनाको भत्ता उपलब्ध गराउने र बाँकी नियमित गर्दै जाने ।

२. अस्पतालका पूर्ववत् सेवाहरूसहित थप सेवाहरू अझै प्रभावकारी रूपले सञ्चालन गर्ने ।

३. प्रतिष्ठानमा सेवातर्फ कार्यरत कर्मचारीको तलब भत्ता र अवकाशपछि प्राप्त हुने सेवा सुविधा उपलब्ध गराउनका लागि नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समक्ष पत्राचार गर्ने ।

४. सम्मानित सर्वोच्च अदालतको फैसला बमोजिमः

क) चि.वि.रा.प, राष्ट्रिय ट्रमा सेन्टरलाई चि.वि.रा.प्र वीर अस्पतालअन्तर्गत रहने गरी भएको निर्णय कार्यान्वयनका लागि नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समक्ष अनुरोध गर्ने ।

ख) प्रतिष्ठानमा कार्यरत कर्मचारीको वृत्ति विकास चि.वि. र.प्र (कर्मचारी सेवाका शर्त तथा सुविधा सम्बन्धी) नियमावली बमोजिक गराउने ।

५ उपरोक्त बुँदाहरूमा उल्लेखित सहमति बमोजिमको कार्यान्वयका लागि आजैका मितिबाट बन्द ताला खोली ६ हप्ता सम्मका लागि आन्दोलनका सम्पूर्ण कार्यक्रम स्थगित गर्ने ।

माईक्रोबसमा पकेट मार्ने २ पक्राउ

■ सौर्य समाचार

काठमाडौं । भक्तपुरबाट काठमाडौंको रत्नपार्कतिर आउँदै गरेको माईक्रोबसमा ५० हजार पकेट मार्ने २ जनालाई प्रहरीले पक्रेको छ । भक्तपुरको कौशलटारबाट मोरङ घर भएका विकास राजबंशी र सिन्धुपाल्चोकका सन्तोष लामालाई प्रहरीले पक्राउ गरेको हो । महानगरीय प्रहरी प्रभाग बालकोटका प्रनानि (सई) प्रकाश बगालेको कमाण्ड टोलीले उनीहरुको साथबाट पकेट मारेको ५० हजार नगद बरामद गरेको छ ।

गठ्ठाघर बस्ने यमनाथ पौडेलले प्रहरी कन्ट्रोलको १०० नम्बरमा खबर गरेपछि प्रहरीले पाकेटमार विरुद्ध अपरेशन चलाएको थियो । पक्राउ परेकामध्ये सिन्धुपाल्चोक घर भएका २७ वर्षीय सन्तोष लामा यसअघि पनि चोरी मुद्दामा जेल बसेर निस्केको भक्तपुरकी एसपी तारादेवी थापाले बताइन् । महानगरीय प्रहरी परिसर भक्तपुरले उनीहरुमाथि चोरी मुद्दामा म्याद लिएर थप अनुसन्धान गरिरहेको छ ।

खोप...

पनि खोप लगाउने बारेमा अनुमति दिएको छैन ।

कोभ्याक्सले जुनसुकै खोप बनेको खण्डमा नेपालले समानुपातिक रूपमा भ्याक्सिन पाउने प्रतिबद्धता व्यक्त गरेको छ । कोभ्याकले नेपालजस्ता गरिब देशका राष्ट्रप्रमुखलाई यसको जानकारी गराइसकेको छ । सोही आधारमा स्वास्थ्य तथा जनसंख्या मन्त्री भानुभक्त ढकालले नेपालले पहिलो चरणमै खोप पाउने बताए । नेपाल सरकारले खोप आउने क्रुराको समाचार आउने क्रम बढेसँगै नेपालमा कसरी खोप ल्याउने र लगाउने भन्ने बारेमा तयारी थालेको छ । अहिले सरकार तयारीकै अवस्थामा रहेको सरकारी अधिकारीहरू बताउँछन् ।

अन्तिम परीक्षण पूरा भएमा र यसले कोभिडको संक्रमण रोक्ने पुष्टि गरेमा विश्वका धनी, गरिब सबै देशका कम्तिमा तीन प्रतिशत फ्रन्ट लाइनरहरूलाई एकैपटक खोप लगाउने तयारी गरेको छ । विश्व स्वास्थ्य संगठन, युनिसेफ र विश्व बैंकको टोलीले कोरोनाको खोप बारे निर्णय गरेसँगै एकपटक विश्वका तीन प्रतिशत देशका नागरिकहरूलाई खोप लगाउँछ ।

पाँच हजार खोप लिई रसियन टोली आउँदै

आगामी सातादेखि आफ्ना नागरिकलाई कोभिड-१९ विरुद्ध खोप दिने घोषणा गरेको रसियाको एक टोली पाँच हजार खोप लिएर नेपाल आउने भएको छ । 'ग्लोबल मार्केटिड' सुरु गरेको रसियाले अर्को साता आफूले तयार गरेको खोप 'स्पुतनिक भी' को नमुनासहित उच्चस्तरीय प्रतिनिधि मण्डल नेपाल आउने भएको हो ।

नेपालस्थित रसियन दूतावासका उच्च अधिकारीले स्वास्थ्य तथा जनसंख्या मन्त्री भानुभक्त ढकाललाई भेट गरी सो जानकारी गराइसकेका छन् । उनीहरूले 'स्पुतनिक भी' को पाँच हजार स्याम्पल लिएर आउने भन्दै त्यसको भण्डारण व्यवस्थापन गरिदिन आग्रहसमेत गरेका छन् । 'डिसेम्बर ९ मा टोली आउँदै छ । उनीहरूले आफूले तयार गरेको खोपको पाँच हजार थान स्याम्पलसमेत लिएर आउने जानकारी गराएको छ,' स्वास्थ्य मन्त्रीका विज्ञ सल्लाहकार डा. खेमबहादुर कार्कीले भने, 'उहाँहरूले पनि आफ्नो देशमा उत्पादन भएको खोपबारे हामीलाई जानकारी दिनुहुनेछ ।'

रसियन टोलीले आफूले उत्पादन गरेको खोप प्रयोगको अवस्था, यसको भण्डारणका विषयमा जानकारी गराइसकेका छन् । उनीहरूले मन्त्रालयका अधिकारीहरूलाई यो खोप दुईदेखि आठ डिग्री तापक्रम र माइनस १८ डिग्री तापक्रममा राख्न मिल्नेनगरी तयार पारिएको जानकारी दिएका थिए ।

प्रतिवेदन...

विश्वस्त थियौं, उहाँले सक्नुभएन कि गर्नु भएन भन्न सक्दिनँ, कोइरालाले भने, 'प्रधानमन्त्रीले नै गठन गरेको आयोग भएको हुनाले कमसेकम प्रधानमन्त्रीज्यूले सार्वजनिक गर्नुहोला भन्ने लागेको थियो तर चासो दिनु भएन ।'

पूर्वशिक्षामन्त्री गंगालाल तुलाधरले उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन आयोगकै सदस्यहरूले आफ्नुसी सार्वजनिक गर्न नमिल्ने बताएका छन् । आयोगले प्रतिवेदन सरकारलाई बुझाइसकेपछि आयोगको प्रयोजन नै समाप्त भएको अवस्थामा आयोगमा रहेका केही सदस्यहरूले प्रतिवेदन सार्वजनिक गर्न स्वतन्त्र नभएको बताएका हुन् ।

प्रतिवेदन आर्थिक व्यवभार बढाउने, जनशक्तिका प्रश्नहरू र अन्य किसिमका समस्यालाई हेरेर सरकारले सार्वजनिक गर्ने विषय भएको उनको भनाइ छ । सरकारले चार सय ९८ पृष्ठ लामो प्रतिवेदन बाहिर सार्वजनिक नगरे पनि एएको वर्ष ८४ पेज लामो सारांश सार्वजनिक गरिसकेको र त्यसलाई राष्ट्रिय शिक्षा नीतिको मूल दस्तावेजको भावनामा समेटेर सार्वजनिक भएको मान्नुपर्ने बताए ।

त्यो कुरामा पनि सरकार इमानदार नभएको भए विरोध गर्न पाइने तर आफ्नुसी सदस्यहरूले प्रतिवेदन सार्वजनिक गर्ने कुरा उपयुक्त नभएको उल्लेख गरे । ०७५ असार २४ गते नेपाल सरकार मन्त्रिपरिषद्को बैठकले शिक्षामन्त्री गिरिराजमणि पोखरेलको अध्यक्षतामा गठन गरेको आयोगले ०७५ पुस २२ गते प्रधानमन्त्री केपी शर्मा ओलीलाई प्रतिवेदन बुझाएको थियो ।

सेवा...

सदरमुकामस्थित अस्पतालमा ल्याउनुपर्ने बाध्यतासमेत घटेको सर्वसाधारणले बताएका छन् । गाउँघरमै स्वास्थ्य संस्था हुँदा सेवा लिन सजिलो मात्र भएको छैन, आफ्नोपनका साथै खर्चसमेत कम भएको सर्वसाधारण बताउँछन् । गाउँका स्वास्थ्य संस्थामा उपचार सम्भव नभएर यातायातका साधनमार्फत सजिले सदरमुकाम ल्याउने काम शुरु भएको छ ।

नलगाड, छेडागाड र शिवालय गाउँपालिकाले एम्बुलेन्स खरिद गरेर सेवा प्रवाह गरिरहेका छन् । अधिकांश गाउँमा कच्ची सडकको दुर्याक खुलेसँगै स्वास्थ्य सेवा पाउन सहजता आएको नलगाड नगरपालिका-१२ का मोहन वस्नेतले जानकारी दिए । उनका अनुसार बालबालिकाले नियमित खोप औषधिसमेत पाएका छन् ।

जाजरकोटमा आर्थिक वर्ष २०७६/७७ मा ५६.१ प्रतिशत महिला सुरक्षितरूपमा सुत्केरी भएको तथ्यांक सार्वजनिक भएको छ । सबैभन्दा बढी बारेकोट ९९ दशमलव ३, कुशे ६६ दशमलव ३, जुनिचाँदे ३१, छेडागाड ५० दशमलव ४, शिवालय ७ दशमलम ७, नलगाड ६६ दशमलव ७, भेरी ५० दशमलव १ प्रतिशत अंक ल्याएका छन् ।

स्वास्थ्य विभागले गरेको लक्ष्य नजिक बारेकोट गाउँपालिका पुगेको स्वास्थ्य सेवा कार्यालयको तथ्यांक फोकल व्यक्ति टेकबहादुर घर्तीले जानकारी दिए । उनका अनुसार स्वास्थ्य विभागले ४ हजार ६६ महिलाले सुरक्षित सुत्केरी स्वास्थ्य संस्थामा आएर हुने लक्ष्य राखे पनि २ हजार २ सय ८१ महिलाले मात्र स्वास्थ्य संस्थामा आएर सुरक्षित सुत्केरी भएको तथ्यांक सार्वजनिक भएको छ ।

बारेकोट गाउँपालिकामा ४ सय २८ लक्ष्यमा ४ सय २५, कुशे गाउँपालिकामा ४ सय ८३ लक्ष्यमा ३ सय २०, जुनिचाँदे गाउँपलिकामा ५ सय ४ लक्ष्यमा १ सय ५६, छेडागाड नगरपालिकामा ८ सय २८ लक्ष्यमा ४ सय ५२, शिवालय गाउँपालिकामा ३ सय ६३ लक्ष्यमा २८, नलगाड गाउँपालिकामा ६ सय ६ लक्ष्यमा ४ सय ७, भेरी नगरपालिकामा ८ सय ५४ लक्ष्यमा ४ सय ९३ जना मात्र सुरक्षित सुत्केरी भएको तथ्यांकमा उल्लेख छ । आव ०७५/७६ मा ४६ दशमलव ९ प्रतिशत महिला सुरक्षित सुत्केरी भएका थिए । अधिल्लो वर्षभन्दा ९ दशमलव २ प्रतिशतले सुरक्षित सुत्केरीदर बढेको छ ।

बोलपत्रद्वारा गोलीया काठ तथा दाउरा लिलाम बिक्री सम्बन्धी सूचना

दोस्रो पटक सूचना प्रकाशित मिति : २०७७/०८/२० गते

सिस्टा सिँचाई आयोजनाको पूर्वी मूल नहरको रेखाङ्कनमा परेको रुखहरुलाई डि.व.का., बाँकेको च.नं. २०८७ मिति २०७४/१०/५ गतेको काठ दाउरा संकलन सहमती र म्याद थप समेतबाट उत्पादन भएका गोलिया काठ तथा दाउरा मध्ये डि.व.का. बाँकेको च.नं. १११४ मिति २०७७/०७/०३ गतेको समूह बाहिर व्यापारिक प्रयोजनको लिलाम सहमती बमोजिम सालको बल्लाबल्ली, साल, कर्मा,मौवा लगायतका गोलिया थान १९२ को १२४.६२ घन फिट काठ र साल जातको दाउरा चट्टा १.०० र अन्य जातको दाउरा चट्टा १० गरी जम्मा ११ चट्टा दाउरालाई हाल जेजस्तो अवस्थामा छ, सोही अवस्थामा आफूनै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकाले इच्छुक व्यक्ति, संघसस्था, काठ सम्बन्धि कारोबार गर्ने (साल बसाली नविकरण भएको) ले सूचना प्रकाशित भएको मितिले २१ औ दिन भित्रमा बोलपत्र फारम खरिद गरी २२ औ दिनमा शिलबन्दी बोलपत्र दाखिला गर्न सूचना आव्हान गरिएको छ । विस्तृत सूचना यस समुहको सूचना पाटीमा टाँस गरिएको व्यहोरा अनुरोध छ ।

श्री राम जानकी सा.ब.उ.स
गरैनापुर-६, बाँके

कालिका गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
घैबुङ, रसुवा
बागमती प्रदेश, नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशित मिति : २०७७/०८/३०

यस कार्यालयबाट देहायको ठेक्काको लागि राष्ट्रिय दैनिकमा प्रकाशित बोलपत्र आव्हान सम्बन्धी सूचना अनुसार पेश भई दर्ता भएका बोलपत्रदाताको बोलपत्र मूल्याङ्कनको क्रममा प्राविधिक परीक्षणमा उत्तीर्ण भई आर्थिक रुपमा न्यूनतम अंक कायोल गर्न निम्न बोलपत्रदाता सारभूत रुपमा प्रभावग्राही (Substantially Responsive) भएको हुँदा उक्त बोलपत्र स्वीकृतिका लागि मूल्याङ्कन समितिबाट सिफारिस भएकाले सार्वजनिक खरिद ऐन, 2063 को दफा २७ को उपदफा (२) को प्रयोजनार्थ बोलपत्र स्वीकृती सम्बन्धी आशयको सूचना सम्बन्धित सबै बोलपत्रदाताहरूको जानकारीको लागि प्रकाशित गरिएको छ ।

देहाय

सि.नं.	ठेक्का नं.	कामको विवरण	छनौट भएको बोलपत्रदाताको नाम र ठेगाना	कबोल रकम रु. (मु.अ.कर सहित)
1	KRM/NCB/CW/ 001/2077-078	Ward no.1- Ward building Construction on work	SQ Construction kalika-01, Rasuwa	2983671.53

वास्तुपति सुनुवार
नि.प्रमुख प्रशासकीय अधिकृत